आज मिति २०७७।०४।२३ गते शुक्रबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री शालिकराम फुयाल | सदस्य सचिव | |

निर्णय नं. (१) बैतेश्वर गाउँपालिकाको न्यायिक समिति बाट सम्पादन गरिने कामको लागी, आन्तरिक मामिला तथा कानुन मन्त्रालय वाग्मती प्रदेश, हेटौंडा, मकवानपुर बाट, सेवा करारमा, कानुनी सहायक

कर्ता, बैतेश्वर ३ बस्ने श्री नविन कुमार खातिवडा लाई स्वयं पठाएकोमा मिति २०७७।३।१५को पत्रबाट कानुनी सहजकर्ता को सेवा निरन्तर आवश्यक भएमा सम्बन्धित स्थानिय तह बाट व्यवस्था पन गर्न पत्र प्राप्त भएकोले न्यायिक समिति। इजलास बाट दैनिक कार्य सम्पादन गर्ने कानुनी सहजकर्ताको आवश्यकता भएकोले कार्य सम्पादन गरि रहेका नविन कुमार खातिवडालाई २०७७।४।१ देखी सेवा करारमा लिने मिति २०७७।४।१५ कोकार्यालयको निर्णय समर्थन गर्ने निर्णय गरियो।

निर्णय नं. (२)

यस गाउँ पालिका वडा नं. ४ स्थित श्री हनुमन्तेश्वर मा.वि. काब्रेको च.न. १९३ मिति २०७७।३।२७को प्राप्त पत्रानुसार कक्षा ११मा विज्ञान विषयको कक्षा सञ्चालन गर्न अनुमति माग भएकोमा कार्यालयको मिति २०७७।४।१५ को निर्णय बमोजिम कक्षा ११मा विज्ञान विषयको कक्षा संचालनको लागी स्थानिय सरकार संचालन ऐन २०७४को दफा ११को बुँदा ज, बमोजिम अनुमति प्रदान गर्ने भएको निर्णयको समर्थनगर्ने निर्णय गरियो।

निर्णय नं. (३) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ६४७मिति - २०७७।३।३१को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्बन्धमा प्राप्त पत्रको व्यहोरामा आजको बैठकमा छलफल हुँदा प्राप्त पत्रको व्यहोरा बमोजिम आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्न उपयुक्त स्थानको अध्ययन गरि ७ (सात) दिन भित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको ५ (पाँच) सदस्यिय समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. संयोजक श्री शम्शेर घिसिङ, वडा अध्यक्ष वडा नं. ६
२. सदस्य श्री माधव बहादुर बलतोडा अध्यक्ष वडा नं. ५
३. सदस्य श्री तुलीकान्छी विश्वकर्मा, कार्यपालिका सदस्य वडा नं.१
४. सदस्य श्री रुपेश चापागाई, स्वास्थ्य शाखा
५. सदस्य श्री युधिष्ठिर के.सी. इन्जिनियर, प्राविधिक शाखा

निर्णय नं. (४) यस गाउँपालिका स्थित प्रताप स्मृति बृहत पार्क निर्माणको लागी आर्थिकमामिला तथा योजना मन्त्रालय बाट ७५०००००।- को योजना प्राप्त भएकोमा प्राप्त पत्रमा 'प्रताप स्मृति बृहद पार्क निर्माण पाइडाडा बैतेश्वर ५, भएकोमा, प्रताप स्मृति बृहत पार्क निर्माण पाइडाडा ६ संशोधन गरि पठाइदिन, प्रदेश मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो।